*[गुठीका अध्यक्ष श्री कमलमणि दीक्षितको स्वागत भाषण]*

**ॐ असतोमा सद्‌गमयः तमसोमा ज्योतिर्गमयः**
**मृत्योर्मा अमृतंगमयः ॐ शान्तिः शान्तिः शान्तिः**

**आदरणीय सम्मानित 'ब्यौलाद्वय', सत्यमोहन जोशीज्यू तथा सभ्यगण,**

२०६४ सालको मदन पुरस्कार समारोहमा तपाईंहरूलाई स्वागत छ । 'मदन पुरस्कार'को यो बाउन्नौं र 'जगदम्बा-श्री'को बीसौं पुरस्कार वर्ष हो भन्ने स्मरण गराउँदै एक पटक म तपाईंहरूलाई फेरि ती दुई अमर आत्मालाई सम्झिदिनुहोस् भन्ने आग्रह गर्दछु ।

मदन पुरस्कार समारोहका लागि हामी फेरि ५२ वर्षअघि भेला भएको स्थलको ठीक माथि बनेको यो नवनिर्मित थिएटर हलमा जम्मा भएका छौं। २०१४ सालको नौरथाको पञ्चमीका दिनको सम्झना आउँदा आज म रोमाञ्चित भएको छु । त्यो दिनलाई सम्झने आज यहाँ सत्यमोहनजी, चित्तरञ्जनजी र हाम्रा एक-दुई जना परिवारजनबाहेक अरू कोही छैन होला ।

सत्यमोहनजी, त्यस दिनका उपस्थित दुई जना 'ब्यौला'मध्ये तपाईं एक जना हुनुहुन्थ्यो। आज तपाईं हाम्रा विशिष्ट अतिथि भई विद्वद्‌प्रवचन दिन पाल्नुभएको छ। हामी गौरवान्वित भएका छौं। तपाईंलाई हार्दिक स्वागत छ !

कृष्णप्रसाद पराजुलीज्यू, २०१५ सालतिर पूर्व १ नम्बरको भमर कोटमा सर्वप्रथम तपाईंसँग भेटेको हुँ मैले । त्यसको पचास वर्षपछि आज तपाईंलाई यसरी 'ब्यौला' बनाएर वरणी गरिएला भन्ने कहाँ कल्पना

गरिएको थियो र! तपाईंको भाषा र ज्ञानको सेवाप्रतिको अनुराग त्यस दिन तपाईंको पुस्तकालयको दर्शन गर्दा पनि मैले पाएको हुँ तर यो उचाइमा तपाईं पुग्नुहोला भन्ने अनुमान मैले गर्न सकेको थिइनँ, म आफू पनि केटै थिए नि ! 'जगदम्वा-श्री' ग्रहण गर्न पाल्नुभएकोमा म आह्लादित छु, तपाईंलाई स्वागत छ । जगदीश घिमिरेज्यू, जनकपुरमै सर्वप्रथम तपाईंको र मेरो भेट भएको हो भन्ने तपाईंले सम्झिरहनु भएको होला । त्यसपछि प्रज्ञाप्रतिष्ठानमा देशभरका साहित्यिकहरूको अञ्चलस्तरीय भेला हुँदा तपाईं जनकपुरको र म वाग्मतिको प्रतिनिधि मण्डलमा सँगै थियौं भन्ने सम्झँदा रमाइलो लाग्छ। अरु बीसको दसकमा नयाँसडकको इन्दिरा रेस्टुराँमा हुने चियापान सप्ताहिक भेटघाटमा आकलझुकल तपाइं र मेरो जम्काघेट भएको बिर्सनुभएको छैन होला। तपाईंको उत्साह र लगनबाट म उसैबेला प्रभावित भएको हुँ। तपाईंको त्यो जोस र जाँगरलाई 'माइलोमा'ले पनि परास्त गर्न सकेन ! तपाईंको जुझारूपनमा हामी सवै गौरवबोध गर्दछौं। नेपाली वुद्धिजीवीहरूलाई 'हार नमान' भन्ने जुन सन्देश तपाईंले दिनुभएको छ आफ्नो अन्तरमनको यात्रा मार्फत, त्यसबाट म पनि आशावादी भएको छु। हामीमा आत्मशक्तिको बोध गराउने तपाईंको म अभिवादन गर्दछु। जगदीशजी, तपाईंलाई यस समारोहमा स्वागत गर्न पाएकोमा म गौरवबोध गर्दछु ।

पराजुलीज्यू र घिमिरेज्यू, मैले तपाईंहरूलाई स्वागत गरें भन्नु त विडम्बनापूर्ण हुन्छ, किनभने यो समारोह भन्नु नै तपाईंहरू दुई जनाको हो। तपाईंहरू कारणी, हामी त कार्यकर्ता मात्र हौं आज। मैले, सत्य कुरा भनेको हुँ किनभने तपाईंहरूले किताप नलेखिदिए, तपाईंहरूले नेपाली वाङ्मयको सेवा नगरिदिए हामी कहाँ हुन्थ्यौं ? यो मदन पुरस्कार गुठी कहाँ हुन्थ्यो? त्यसैले तपाईंहरू दुई जनालाई पुनः स्वागत भन्दछु ।

अनि तपाईंहरू, हाम्रा सभ्यगण, तपाईंहरूको यत्रो उपस्थिति यहाँ नभैदिएको भए त यो समारोहहरूको गरिमा नै रहने थिएन। आफ्ना कतिपय काम छाडेर तपाईंहरू यहाँ आइदिनुभयो। हामी धन्य भयौं। तपाईंहरू सबैलाई गुठीको तर्फबाट हार्दिक हार्दिक स्वागत छ।

सबैको जय होस्।